// नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, जेठ २९ गते २०३१ साल [अतिरिक्ताङ्क ९

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

### सरकारी वकीलसम्बन्धी (प्रथम संशोधन) नियमावली, २०३१

सरकारी वकीलसम्बन्धी नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सरकारी वकीलसम्बन्धी (प्रथम संशोधन) नियमावली, २०३१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४. सरकारी वकीलको नियुक्ति, सरुवा, बढुवा र विभागीय कारवाईः– महान्याधिवक्ता बाहेक अरू सरकारी वकीलको नियुक्ति, सरुवा र बढुवा तथा विभागीय कारवाई राजपत्राङ्कित पदमा भए न्याय सेवा आयोगको सिफारिशमा श्री ५ को सरकारले र राजपत्र अनङ्कित पदमा महान्याधिवक्ताको सामान्य निर्देशनमा सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताले गर्नेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को उप-नियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) त्रिभुवन विश्वविद्यालयबाट कानून प्रमाणपत्र परीक्षा वा श्री ५ को सरकारबाट मान्यता प्राप्त कुनै विश्वविद्यालयको कम्तीमा आई. ए. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा।"

४. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः–

"६. सरकारी वकीलको कार्यालयः– (१) महान्यायाधिवक्ताको कार्यालय काठमाडौंमा रहनेछ। सो कार्यालयमा वरिष्ठ सरकारी अधिवक्ता, सरकारी अधिवक्ता, अतिरिक्त सरकारी अधिवक्ता, सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता र सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता रहनेछन्।

(२) मध्यमाञ्चल क्षेत्रीय अदालतको हकमा बाहेक प्रत्येक क्षेत्रीय अदालतको सदर मुकाममा क्षेत्रीय सरकारी अधिवक्ताको छुट्टै कार्यालय रहनेछ।

तर यस नियमावलीको प्रयोजनका लागि महान्यायाधिवक्ताले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई आफ्नू कार्यालयका कुनै अधिवक्तालाई मध्यमाञ्चल क्षेत्रीय अदालतको क्षेत्रभित्रको तात्पर्यका निमित्त क्षेत्रीय अधिवक्ता तोकिदिन सक्नेछ र निजको अधिकार र कर्तव्य अरू क्षेत्रीय अधिवक्ताको सरह हुनेछ।

(३) वाग्मती, गण्डकी र भेरी अञ्चल अदालतको हकमा बाहेक प्रत्येक अञ्चल अदालतको सदर मुकाममा सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय रहनेछ।

(४) प्रत्येक जिल्ला अदालतको सदर मुकाममा सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय रहनेछ।

तर क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय रहेको सदर मुकाममा छुट्टै सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय वा सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय र सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय रहेको सदर मुकाममा सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको छुट्टै कार्यालय रहने छैन।"

१८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः–मूल नियमावलीको नियम ७ को उप–नियम (१) मा अघिल्तिर "क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय क्षेत्रीय अदालत भवनमा" भन्ने शब्दहरू थपिएको छ ।

६. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. सरकारी वकीलको सरुवा र कायम मुकायमः– (१) राजपत्राङ्कित सरकारी वकीलको सरुवा न्याय सेवा आयोगको सिफारिशमा श्री ५ को सरकारले र राजपत्र अनङ्कित सरकारी वकीलको सरुवा सम्बन्धित क्षेत्रको सरकारी अधिवक्ताले गर्नेछ ।

(२) राजपत्र अनङ्कित र राजपत्राङ्कित तृतीय श्रेणीका सरकारी वकीलका पदमा आफ्नो क्षेत्रभित्र सम्बन्धित क्षेत्रको सरकारी अधिवक्ताले र सो बाहेक सबै राजपत्राङ्कित पदमा महान्याधिवक्ताले कायम मुकायम मुकरर गर्नेछ ।

तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताले सबै राजपत्र अनङ्कित सरकारी वकील वा सबै सरकारी वकील कार्यालयका अन्य राजपत्र अनङ्कित कर्मचारीलाई सरुवा वा कायम मुकायम मुकरर गर्न यस नियमावलीको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।"

७. मूल नियमावलीको नियम ९ मा संशोधनः– (१) मूल नियमावलीको नियम ९ को उप–नियम (२) को सट्टा देहायको उप-नियम (२) राखी उप-नियम (४), (५) र (६) लाई क्रमशः (३), (४) र (५) गरी उप-नियम (३) खारेज गरिएको छः–

"(२) राजपत्र अनङ्कित र राजपत्राङ्कित तृतीय श्रेणीका सरकारी वकीलका पदलाई आफ्नो क्षेत्रभित्र सम्बन्धित क्षेत्रका सरकारी अधिवक्ताले र सो बाहेक अरू सबै राजपत्राङ्कित पदका सरकारी वकीललाई महान्यायाधिवक्ताले बिदा दिन सक्नेछ ।

तर भैपरी आउने बिदा कामको व्यवस्था मिलाई सम्बन्धित सरकारी वकीलले स्वयम लिन सक्नेछ ।"

(२) मूल नियमावलीको नियम ९ को उप-नियम (४) मा रहेको "र (३)" भन्ने शब्दहरू झिकिएको छ ।

८. मूल नियमावलीको नियम ११ मा संशोधनः– (१) मूल नियमावलीको नियम ११ को उप-नियम (१) मा रहेको "वरिष्ठ सरकारी अधिवक्ताको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताको" भन्ने शब्दहरू राखिएको छ ।

(२) मूल नियमावलीको नियम ११ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

९४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यालयको र सबै क्षेत्रीय सरकारी अधिवक्ता कार्यालयहरूले आफ्नो-आफ्नो क्षेत्रभित्र पर्ने सरकारी वकील कार्यालयहरूको कम्तीमा वर्षको एक पटक सरकारी कार्यालय (निरीक्षण) नियमावली, २०२६ अनुसार निरीक्षण गराउनेछ र निरीक्षण गर्ने अधिकृतले खास गरी देहायमा लेखिएका कुराहरू खुलाई महान्यायाधिवक्ताको कार्यालयमा निरीक्षण प्रतिवेदन पेश गर्नेछ:–

(१) गर्नु पर्ने काम कारवाई समय समयमा तदारूखसाथ गरे नगरेको,

(२) ढीलासुस्ती वा अरू कुनै कारणले मुद्दा दायर गर्नमा वा पुनरावेदन गर्ने कारवाई गर्नमा म्याद गुजारेको वा गुज्रने गरी कारवाई गरे नगरेको (दृष्टान्त सहित),

(३) मिसिल, फाइल, नक्कल कागजात र अरू लेखा स्रेस्ता दुरूस्त राखे नराखेको,

(४) भ्याएसम्म मुद्दाको मौका तहकीकात सरजमीनमा र अदालत पेशीमा उपस्थित भए नभएको,

(५) महत्वपूर्ण मुद्दामा तहकीकात दायरी बहस पैरवीमा वा पुनरावेदनको कारवाई गर्नमा ढीलासुस्ती गरे नगरेको र त्यस्तो मुद्दामा आफ्नो कर्तव्य पूरा नगरी हेलचक्र्याइ गरी बिदा बसे नबसेको,

(६) मातहतका सरकारी वकील तथा अन्य कर्मचारीको राम्रोसंग नियन्त्रण गरे नगरेको, रेखदेख पुर्‍याए नपुर्‍याएको र निर्देशन गरे नगरेको,

(७) अदालत र कार्यपालिका, खास गरी प्रहरीसंगको पारस्परिक सहयोग राम्रो रहे नरहेको,

(८) मासिक तथा वार्षिक प्रतिवेदन समय समयमा पठाए नपठाएको,

(९) गरेको काम कारवाईमा गुणात्मकता र यथार्थता छ छैन र

(१०) महान्यायाधिवक्ताले निर्देशन गरेबमोजिमको अन्य कुराहरू ।"

९. मूल नियमावलीको नियम १२ मा संशोधनः– (१) मूल नियमावलीको नियम १२ मा रहेको "कर्मचारीको नियुक्ति, बिदा इत्यादि" भन्ने शब्दहरू भएको शीर्षकको सट्टा "कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, बिदा, विभागीय कारवाई इत्यादि" भन्ने शब्दहरू भएको शीर्षक राखिएको छ ।

(२) मूल नियमावलीको नियम १२ को उप–नियम (१) पछि देहायको उप–नियम (१क.) थपिएको छः–

"(१क.) क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय र सो मातहतका कार्यालयका राजपत्र अनङ्कित कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, बिदा, विभागीय कारवाई इत्यादिका सम्बन्धमा विभागीय प्रमुखको सबै अधिकार आफ्नो क्षेत्रभित्र क्षेत्रीय सरकारी अधिवक्तालाई हुनेछ ।"

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को उप-नियम (२) मा अघिल्तिर "क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय" भन्ने शब्दहरू थपिएको छ ।

११. मूल नियमावलीको नियम १४ मा संशोधनः– मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छः–

"१४. काम कारवाईको प्रतिवेदनः– (१) प्रत्येक सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयले गरेको काम कारवाईको मासिक प्रतिवेदन अनुसूचीको फाराम १ बमोजिमको ढाँचामा सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयमा र सम्बन्धित सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालयमा पठाउनु पर्छ ।

(२) प्रत्येक सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालयले गरेको काम कारवाईको मासिक प्रतिवेदन अनुसूचीको फाराम १ र २ बमोजिमको ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा र सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयमा पठाउनु पर्छ ।

(३) प्रत्येक क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयले गरेको काम कारवाईको मासिक प्रतिवेदन अनुसूचीको फाराम २ बमोजिमको ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्छ ।

(४) महान्यायाधिवक्ताको कार्यालयले आफ्नो कार्यालयबाट भए गरेको काम कारवाईको संक्षिप्त प्रतिवेदन अनसूचीको फाराम ३ बमोजिमको ढाँचामा श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालयमा प्रत्येक महीनामा यथाशीघ्र पठाउनु पर्छ ।

(५) मासिक प्रतिवेदनको आधारमा वार्षिक प्रतिवेदन पनि उक्त प्रतिवेदनहरूबमोजिम पठाउनु पर्छ ।

(६) प्रत्येक महीनाको मासिक प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालय बाहेक अरू सबै सरकारी वकीलको कार्यालयहरूले सो महीना समाप्त भएको सात दिनभित्र र प्रत्येक आर्थिक वर्षको प्रतिवेदनको हकमा महान्यायाधिवक्ताको कार्यालय लगायतले सो आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्छ ।

९४३

तर,

(क) आर्थिक वर्षको अन्तिम महीनाको मासिक प्रतिवेदन वार्षिक प्रतिवेदनसाथ पठाए हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) महान्यायाधिवक्ताको कार्यालयले कानून तथा न्याय मन्त्रालय मार्फत् श्री ५ को सरकारमा पठाउने वार्षिक प्रतिवेदनमा प्रत्येक संरकारी वकील कार्यालयहरूको काम कारवाई र तत्सम्बन्धी तेरिजको अतिरिक्त सरकारी वकील प्रशासनको वास्तविक स्थितिको चित्रण गरी यस सम्बन्धमा बढी सुधार गर्न सिफारिश र सुझावहरू उल्लेख भएको हुनुपर्छ ।"

१२. मूल नियमावलीको नियम १७ मा संशोधनः– मूल नियमावलीको नियम १७ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) महान्यायाधिवक्ताको अनुपस्थितिमा निजले यस नियमावली-बमोजिम गर्नुपर्ने सबै काम कारवाई वरिष्ठ सरकारी अधिवक्ताले र निज पनि अनुपस्थित रहेमा ज्येष्ठता क्रमानुसार सरकारी अधिवक्ताले गर्नेछ ।"

१३. मूल नियमावलीको नियम १९ पछि नियम १९क. थपः– मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९क. थपिएको छः–

"१९ क. क्षेत्रीय सरकारी अधिवक्ताः– यो नियमावलीका अधीनमा रही क्षेत्रीय सरकारी अधिवक्ताको कर्तव्य देहायबमोजिम हुनेछः–

(क) क्षेत्रीय अदालतमा श्री ५ को सरकारलाई सरोकार पर्ने देवानी वा फौजदारी मुद्दामा श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट पुनरावेदन, निवेदन, प्रतिउत्तरपत्र दायर गर्ने गराउने र उपस्थित भई बहस, पैरवी गर्ने,

(ख) अन्य कुनै अदालतमा श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा श्री ५ को सरकारले वा महान्यायाधिवक्ताले खटाइएमा श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदन दायर गर्ने गराउने र उपस्थित भई बहस, पैरवी गर्ने,

(ग) अन्य कुनै अदालतमा कुनै विशेष महत्व भएको मुद्दामा श्री ५ को सरकारले खटाएबमोजिम कुनै पक्षकैतर्फबाट उपस्थित भई बहस, पैरवी गर्ने,

(घ) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा कुनै अदालतबाट भएको निर्णयमा इन्साफ जँचाउन वा पुनरावेदन गर्न माग गर्न पाउनेमा सो माग गर्न श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट निवेदन दिई कारवाई गर्ने गराउने,

(ङ) आफ्नो क्षेत्रभित्रको कार्यपालिकातर्फका कुनै विभागीय प्रमुख वा अड्डा प्रमुखले कानूनी विषयमा राय सल्लाह मागेमा राय सल्लाह दिने,

९७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर क्षेत्रीय सरकारी अधिवक्ता बसेको जिल्ला बाहेक अरू जिल्लाका अड्डा प्रमुखले उक्त राय निजसंग माग्न परेमा स्थानीय सरकारी वकीलसंग राय नलिएको वा रायमा चित्त नबुझेको कारण समेत खुलाई रायको प्रतिलिपि संलग्न गरी पठाएको हुनु पर्छ,

(च) महान्यायाधिवक्ताले तोकेको अन्य कुनै काम गर्ने,

(छ) यस नियमावलीबमोजिम पाएको प्रशासकीय अधिकारमध्ये सबै वा केही अधिकार आफू मुनिका अन्य कुनै अधिकृतद्वारा प्रयोग गर्न पाउने गरी आफ्नै पूर्ण उत्तरदायित्वमा प्रत्यायोजन गर्नलाई महान्यायाधिवक्ताको पूर्व स्वीकृति लिने ।"

१४. मूल नियमावलीको नियम २६ मा संशोधनः– मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छः–

"२६. क्षेत्रीय अदालत वा अञ्चल अदालतमा पर्ने पुनरावेदनबारेः– (१) जिल्ला अदालतले छिनेको फौजदारी मुद्दामा पुनरावेदन गर्नेलाई छुट्टै कार्यालय हुने सहायक सरकारी अभियोक्ताले आवश्यक मसौदा तयार गरी पुनरावेदन गर्ने प्रस्ताव पुनरावेदन म्याद शुरू भएको पन्ध्र दिनभित्र क्षेत्रीय अदालतको अधिकार क्षेत्रको मुद्दा भए क्षेत्रीय सरकारी अधिवक्ता छेउ र अञ्चल अदालतको अधिकार क्षेत्रको मुद्दा भए सम्बन्धित सरकारी अभियोक्ता छेउ पठाउनु पर्छ ।

(२) उप-नियम (१) अनुसार प्रस्ताव प्राप्त भएपछि क्षेत्रीय सरकारी अधिवक्ता वा सरकारी अभियोक्ताले पुनरावेदन मसौदा तयार गरी गराई श्री ५ को सरकारकोतर्फबाट पुनरावेदन दायर गर्नु पर्छ ।"

१५. मूल नियमावलीको नियम २७ मा संशोधनः– मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः–

"२७. शुरू निर्णय पुनरावेदन गर्नु नपर्ने अवस्था र पुनरावेदनसम्बन्धी अन्य कार्यविधिः– (१) नियम २६ मा जुनसुकै कुरा लेखिएको भए तापनि वादी श्री ५ को सरकारले लगाएको अभियोग वा गरेको बिगो दाबीका सम्बन्धमा शुरू निर्णय हुँदा इन्साफको रोहले किटी अभियोग लगाइएका व्यक्तिको अतिरिक्त अरू व्यक्ति पनि कसूरदार ठहरेमा वा एक व्यक्ति उपर गरेको बिगो दाबीको दायित्व अर्को व्यक्ति उपर ठहरेमा सम्बन्धित सरकारी वकीललाई पुनरावेदन गर्न नपर्ने लागेमा सहायक सरकारी अभियोक्ताले चलाएको मुद्दा अञ्चल अदालतमा पुनरावेदन लाग्ने भए सरकारी अभियोक्ता कहाँ र क्षेत्रीय अदालतको अधिकार क्षेत्रभित्रको मुद्दा भए क्षेत्रीय सरकारी अधिवक्ता छेउ पुनरावेदन नगर्ने प्रस्ताव पुनरावेदन म्याद पाएको सात दिनभित्र पठाउनु पर्छ । सरकारी अभियोक्ता वा क्षेत्रीय सरकारी अधि-

९८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वक्ताले आवश्यकतानुसार पुनरावेदन नगर्ने निकासा दिएमा सो मुद्दामा श्री ५ को सरकारतर्फबाट पुनरावेदन गर्नु पर्दैन ।

(२) उप-नियम (१) मा उल्लेख भए बाहेक अरू कुनै अवस्थामा जिल्ला अदालतले अञ्चल अदालतमा पुनरावेदन लाग्ने परिधिभित्रको छिनेको फौजदारी मुद्दामा पुनरावेदन गर्न नपर्ने लागेमा सहायक सरकारी अभियोक्ताले चलाएको मुद्दा भए सरकारी अभियोक्ताकहाँ र सरकारी अभियोक्ताले चलाएको मुद्दा भए क्षेत्रीय सरकारी अधिवक्ता छेउ पुनरावेदन नगर्ने प्रस्ताव पुनरावेदन म्याद पाएको सात दिनभित्र पठाउनु पर्छ ।

(३) उप-नियम (२) बमोजिम पुनरावेदन नगर्ने रायसहित केश फाइल प्राप्त भएपछि क्षेत्रीय सरकारी अधिवक्ताले पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धमा निकासा दिनेछ ।

तर यस सम्बन्धमा क्षेत्रीय सरकारी अधिवक्ताले महान्यायाधिवक्तासंग निर्देश माग्न र महान्यायाधिवक्ताले निजलाई निर्देश दिन बाधा पुर्‍याएको मानिने छैन ।

(४) न्याय प्रशासन सुधार अध्यादेश, २०३० को दफा १३ को उप-दफा (३) वा (४) बमोजिम अञ्चल अदालतको फैसला वा अन्तिम आदेश उपर पुनरावेदनको अनुमतिका लागि निवेदन दिन पर्ने अवस्था देखेमा सरकारी अभियोक्ताले तत्सम्बन्धी प्रस्ताव सम्बन्धित क्षेत्रीय अधिवक्ता छेउ फैसला वा अन्तिम आदेश भएको १५ दिनभित्र पठाउनु पर्छ र त्यस सम्बन्धमा क्षेत्रीय अधिवक्ताले मनासिब सम्झे क्षेत्रीय अदालतमा निवेदन दिनेछ वा आवश्यक परे महान्यायाधिवक्तासंग निर्देश माग्नेछ ।

(५) न्याय प्रशासन सुधार अध्यादेश, २०३० को दफा १३ को उप-दफा (५) को देहायका खण्ड (क) बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दामा क्षेत्रीय अदालतको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन गर्न पर्ने वा नपर्ने आफ्नो राय ठहरसाथ क्षेत्रीय सरकारी अधिवक्ताले पुनरावेदन म्याद पाएको पन्ध्र दिनभित्र महान्यायाधिवक्ताको छेउ प्रस्ताव पठाउनु पर्छ ।"

१६. मूल नियमावलीको नियम २८ मा संशोधनः— मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छ :–

"२८. सर्वोच्च अदालत नियमावली, २०२१ को नियम ६० अन्तर्गतको निवेदन पत्रः—

(१) क्षेत्रीय सरकारी अधिवक्ताको विचारमा न्याय प्रशासन सुधार अध्यादेश, २०३० को दफा १३ को उप-दफा (५) को देहायको खण्ड (ख) अन्तर्गत पुनराве-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दन गर्न पाउने अनुमतिका लागि सर्वोच्च अदालतमा निवेदन दिन उपयुक्त छ भन्ने लागेमा आफ्नू धारणाहरू स्पष्ट व्यक्त गरी क्षेत्रीय अदालतको फैसला भएको १५ दिनभित्र महान्यायाधिवक्ताको छेउ प्रस्ताव पठाउनेछ ।

(२) महान्यायाधिवक्ताले उप-नियम (१) बमोजिमको प्रस्ताव माथि विचार गरी उचित सम्झेमा श्री ५ को सरकारतर्फबाट सर्वोच्च अदालतमा निवेदन दिनेछ ।"

१७. मूल नियमावलीको नियम ३३ मा संशोधनः– मूल नियमावलीको नियम ३३ मा रहेको "अञ्चल अदालत" भन्ने शब्दहरू अघिल्तिर "क्षेत्रीय अदालत" भन्ने शब्दहरू थपिएको छ ।

१८. मूल नियमावलीको नियम ५३ मा संशोधनः– मूल नियमावलीको नियम ५३ को सट्टा देहायको नियम ५३ राखिएको छः–

"५३. प्रशासकीय व्यवस्था र अधिकार प्रत्यायोजनः– (१) महान्यायाधिवक्ताले यस नियमावलीको र समय समयमा श्री ५ को सरकारको निर्देशनको अधीनमा रही सरकारी वकीलको प्रशासनको रेखदेख, सञ्चालन, नियन्त्रण गर्न आवश्यक निर्देशन दिन सक्नेछ र तत्सम्बन्धी आन्तरिक कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

(२) महान्यायाधिवक्ताले आफ्नै पूर्ण उत्तरदायित्वमा आफ्नो अधिकार–मध्ये सबै वा केही अधिकार आफू मुनिको कर्मचारीद्वारा प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।"

१९. मूल नियमावलीको नियम ५३ पछि थपः– मूल नियमावलीको नियम ५३ पछि देहायको नियम ५३क. थपिएको छ :–

"५३क. श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले महान्यायाधिवक्तासंग परामर्श गरी सरकारी वकील प्रशासन सम्बन्धमा आवश्यकीय निर्देशन दिन वा समय समयमा आवश्यकतानुसार व्यवस्था गर्न सक्नेछ ।"

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

९८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।